# खण्ड ८

# प्रदूषण र जनस्वास्थ्य

जीविकोपार्जन सुरक्षाको एउटा मुख्य भाग हो स्वास्थ्य । जनस्वास्थ्यले खासगरी स्वास्थ्यको त्यस्तो क्षेत्रलाई जनाउँछ जुन साधारणतया सबैको चासोको विषय हुन्छ र त्यस सम्बन्धित समस्याले सबैलाई पिरोलेको हुन्छ । कुनै पनि समाजको उन्नति वा विकासको लागि स्वास्थ्य क्षेत्र सबल हुनु जरुरी छ । विभिन्न प्रकारका ठूला स्वास्थ्योपचार सेवा उपलब्ध हुनुभन्दा जनस्वास्थ्यको स्थिति राम्रो भएमा प्रत्येक नागरिकले आफ्नो क्षमता अनुसारको सामाजिक/आर्थिक विकास गर्न सबल हुन्छन् ।

प्रदूषणसम्बन्धी चर्चा गर्दा ध्यानमा राख्नु पर्ने मुख्य प्रश्न हो– प्रदूषणको चपेटामा परेर कुन सामाजिक समूह/वर्ग/क्षेत्रको जनस्वास्थ्यमा असर परिरहेको छ ? साधारणतया प्रदूषित उद्योगहरू गरिब, शक्तिविहीन, अल्पसङ्ख्यक समूह वा आदिवासीको क्षेत्रमा लगेर स्थापना गर्ने प्रवृत्ति संसारभर नै छ (यससम्बन्धी विस्तृत विवरण पहिलो खण्डमा पनि दिइएको छ) । अन्तर्राष्ट्रिय स्तरमा भन्ने हो भने फोहर उद्योग (dirty industries) भनेर चिनिने उद्योगधन्दा विकसित देशबाट विकासशील/गरिब देशमा सारिँदै छन् । देशभित्र पनि यस्ता उद्योगहरू बढी गरिब क्षेत्रमा लगेर राखिन्छन् । रोजगारको लोभले पनि यस्ता उद्योग त्यस्ता ठाउँमा लगेर राख्दा स्थानीय बासिन्दाको

धेरै विरोध आउँदैन । भारतको भोपालमा यही नै भएको थियो । तर जब प्रदूषण भयो यसले मुख्यतः गरिब समूहलाई नै असर पार्‍यो ।

यस खण्डमा सम्मिलित लेखहरूले जनस्वास्थ्यमा प्रदूषणले पारेको असरबारे विस्तृत जानकारी दिन्छन् । यहाँ समावेश लेखलाई पाँच समूहमा बाँड्न सकिन्छ । पहिलो लेखले वायु प्रदूषण (शहरी तथा ग्रामीण)ले जनस्वास्थ्यमा परेको असरबारे प्रकाश पार्दछ । यो लेखले समाजमा प्रदूषणको सामाजिक र आर्थिक बोझ धेरै ठूलो भएको र यसको भार मुख्यतः केटाकेटी, बूढाबूढी तथा महिलाले बेहोरेको प्रष्ट पार्छ । दोस्रो समूहका लेखहरू विषादीसम्बन्धी छन् । विषादी आयात गर्ने प्रकृया, प्रशासनिक लापरवाही, विषादी प्रयोग गर्ने तरिका र यससम्बन्धी अल्पज्ञानले विषादीको नकारात्मक असरमा वृद्धि गरेको छ । साधारणतया जनचासोको विषयमा नपरेको तर जनस्वास्थ्यमा गम्भीर समस्या पैदा गर्ने अस्पताल/चिकित्साजन्य फोहर र यसको लापरवाहीले उब्जन सक्ने समस्याहरूबारे तेस्रो समूहका लेखले प्रष्ट पार्छन् ।

चौथो समूहको लेखमा औद्योगिक प्रदूषण; इँटाभट्टाको प्रदूषण; पूर्वका औद्योगिक जिल्लामा देखिएका औद्योगिक प्रदूषणका समस्या; गलैंचा उद्योगमा काम गर्ने गरिब महिला तथा केटाकेटी, मजदुरमा पारेको समस्या र उनीहरूलाई बेरोजगारी या प्रदूषण मध्ये एक रोज्नुपर्ने पीडादायी बाध्यता; काठमाडौँ शहरको फोहरले वाग्मती नदीमा भएको प्रदूषण र यसले मधेशसम्मका जनताको जनस्वास्थ्यमा पार्न सक्ने असर तथा भृकुटी कारखानाले नारायणी नदीमा गरेको प्रदूषण र यसले जनस्वास्थ्यमा पारेको प्रभावको बारेमा प्रकाश पारेका छन् । तराईको खानेपानीमा आर्सेनिकको समस्या तथा पहाडमा खानेपानीको अभाव र दूषितीकरणले जनस्वास्थ्यमा पारेको प्रभावबारे पाँचौं समूहका लेखमा चर्चा गरिएको छ । यी समस्याले विशेष गरेर आर्थिक सामाजिक रूपमा विपन्न वर्गलाई नराम्रो असर पारेको देखिन्छ । किनभने यो वर्ग सफा पानीको व्यवस्था गर्न आर्थिक रूपले सक्षम हुँदैन र उनीहरूको सरकारलाई दबाब दिने राजनीतिक शक्तिमा पनि पहुँच छैन ।

देशको समुन्नत विकासका लागि उद्योगधन्दा, औद्योगिक/आधुनिक कृषि आवश्यक भए पनि यिनले जल, वायु, माटोलाई गर्ने प्रदूषण तथा जीवजन्तुमाथि पारेको असरका प्रशस्त उदाहरणहरू यस खण्डमा संलग्न लेखहरूले दिन्छन् । यी प्रदूषणको असर मुख्यत गरिब तथा पिछडिएका समाज/समूहमा पुग्छ– सामाजिक प्रकृयाको माध्यमबाट । यी प्रदूषणले गर्दा भौगोलिक रूपमा वातावरणीय अन्याय भएको पनि प्रष्ट हुन्छ । जस्तै वाग्मतीको पानीको प्रदूषणको भार तराईसम्म परेको छ । तराईको गाउँको व्यक्ति जसको वाग्मतीको प्रदूषणमा कुनै भूमिका छैन उसले काठमाडौँ शहरले गरेको प्रदूषणको मार खेप्न बाध्य हुन्छ । यस्तै अवस्था नारायणी नदीको प्रदूषणले पनि सिर्जना गरेको छ ।

वातावरणीय न्यायको सिद्धान्तअनुसार प्रदूषण उत्पादन नगर्नु नै राम्रो हुन्छ । तर विकासका सन्दर्भमा प्रदूषण हुने नै भए पनि त्यस्तो प्रविधिको प्रयोग गर्नुपर्दछ

जसले प्रदूषण हदैसम्म नियन्त्रण गर्न सकोस्। मानिसहरूले आफ्नो आचरणमा साधारण परिवर्तन गर्नाले पनि प्रदूषण कम हुन्छ। यस खण्डमा सम्मिलित एउटा लेखले बेमौसमी तरकारी उत्पादनमा विषादीको ज्यादा प्रयोग आवश्यक पर्ने देखाउँछ। तर यदि मौसमअनुसारकै तरकारीहरू नै उपभोग गर्ने गरेमा त्यसले विषादीको उपयोग घटाउँछ र फलतः प्रदूषण कम हुन्छ। प्रदूषण कम भएमा वातावरणीय अन्यायको सम्भावना पनि कम हुन्छ। ♦